**मिति २०८१/१०/२० गतेको गाउँ कार्यपालिकाको ८ औं बैठकमा पेश भएका प्रस्तावहरु**

| क्र.सं. | प्रस्ताव | कैफियत |
|---|---|---|
| १. | अघिल्लो बैठकबाट भएका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा । | |
| २. | आ.व. २०८१/०८२ को दोस्रो त्रैमासिक अवधि तथा अर्थवार्षिक प्रगति समिक्षा सम्बन्धमा । | |
| ३. | आ.व. २०८१/०८२ को संशोधित वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा । | |
| ४. | आ.व. २०८२/०८३ को लागि नेपाल सरकारबाट प्राप्त हुने समपुरक अनुदान तर्फका आयोजना तथा कार्यक्रम छनौट सम्बन्धमा । | |
| ५. | आ.व. २०८२/०८३ को लागि नेपाल सरकारबाट प्राप्त हुने विशेष अनुदान तर्फका आयोजना तथा कार्यक्रम छनौट सम्बन्धमा । | |
| ६. | आ.व. २०८२/०८३ को लागि कर्णाली प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदान तर्फका आयोजना तथा कार्यक्रम छनौट सम्बन्धमा । | |
| ७. | आ.व. २०८२/०८३ को लागि कर्णाली प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदान तर्फका आयोजना तथा कार्यक्रम छनौट सम्बन्धमा । | |
| ८. | सुत्केरी आमालाई स्वास्थ्य संस्थामा स्याहार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ सम्बन्धमा । | |
| ९. | सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रममा खटिने कर्मचारी तथा सुरक्षाकर्मीको सुविधा सम्बन्धमा । | |
| १०. | आ.व. २०८०/०८१ महालेखा परीक्षकको प्रारम्भिक प्रतिवेदन सम्बन्धमा । | |
| ११. | खाद्य संकलन तथा भण्डारण केन्द्र स्थापना सम्बन्धमा । | |
| १२. | यस गाउँपालिका, सोसेक नेपाल र अपाङ्ग बाल अस्पताल तथा पुर्नस्थापना केन्द्रबीचको सम्झौता अनुमोदन सम्बन्धमा । | |
| १३. | करार सेवाका श्रेणीविहिन कर्मचारीको सञ्चय कोष जम्मा गर्ने सम्बन्धमा । | |
| १४. | आर्थिक सहायता सम्बन्धमा । | |
| १५. | स्थायी नियुक्ति तथा पदस्थापन समर्थन सम्बन्धमा । | |
| १६. | विविध | |

**मिति २०८१/१०/२० गतेको गाउँ कार्य पालिकाको आठौं बैठकबाट भएका निर्णयहरुः**

१. यस गाउँ कार्यपालिकाका अघिल्ला बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको समिक्षा गरियो ।

२. यस भगवतीमाई गाउँपालिकाको चालु आ.व. २०८१/०८२ दोस्रो त्रैमासिक अवधि सम्मको भौतिक तथा वित्तीय प्रगति समिक्षा गरियो ।

३. भगवतीमाई गाउँपालिकाको चालु आ.व. २०८१/०८२ संशोधित बजेट तथा कार्यक्रम स्वीकृत गरी गाउँसभामा पेश गर्ने ।

४. आ.व. २०८२/०८३ को लागि नेपाल सरकारबाट प्राप्त हुने समपुरक अनुदान तर्फका आयोजना तथा कार्यक्रम देहाय बमोजिम छनौट गर्ने ।

**तपसिलः**

| क्र.सं. | आयोजनाको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १. | भगवतीमाई चक्रपथ निर्माण | वडा नं. १ देखि ७ | |
| २. | वासुधारा-राउचौर-वडा कार्यालय सडक स्तरोन्नती | वडा नं. १ | |
| ३. | घुम्ने-तुर्सु-पातिहाल्न सडक निर्माण | वडा नं. ४ | |

५. आ.व. २०८२/०८३ को लागि नेपाल सरकारबाट प्राप्त हुने विशेष अनुदान तर्फका आयोजना तथा कार्यक्रम देहाय बमोजिम छनौट गर्ने ।

**तपसिल**

| क्र.सं. | आयोजनाको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १. | कृषिमा व्यवसायीकरण तथा आधुनिकीकरण कार्यक्रम | वडा नं. १ देखि ७ | |
| २. | नमुना आवास कार्यक्रम | वडा नं. १ देखि ७ | |
| ३. | व्यवसायिक बाख्रापालन कार्यक्रम | वडा नं. १ देखि ७ | |

६. आ.व. २०८२/०८३ को लागि कर्णाली प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदान तर्फका आयोजना तथा कार्यक्रम देहाय बमोजिम छनौट गर्ने ।

**तपसिल**

| क्र.सं. | आयोजनाको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १. | ६ नं. वडा कार्यालय भवन निर्माण | वडा नं. ६ | |
| २. | लामतडा-तप्लुङ्ग-वडा कार्यालय सडक निर्माण | वडा नं. ७ | |
| ३. | भगवती मा.वि. थुवाँ भवन निर्माण | वडा नं. ५ | |

७. आ.व. २०८२/०८३ को लागि कर्णाली प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदान तर्फका आयोजना तथा कार्यक्रम देहाय बमोजिम छनौट गर्ने ।

**तपसिल**

| क्र.सं. | आयोजनाको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १. | कट्टी स्वास्थ्य चौकी भवन तथा अन्य पूर्वाधार निर्माण | वडा नं. ५ | |
| २. | सरस्वति आ.वि. सिडार भवन निर्माण | वडा नं. २ | |
| ३. | पगनाथ स्वास्थ्य चौकी पूर्वाधार निर्माण | वडा नं. १ | |

८. भगवतीमाई गाउँपालिका सुत्केरी आमालाई स्वास्थ्य संस्थामा स्याहार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ स्वीकृत गर्ने ।

९. सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रममा खटिने कर्मचारी तथा सुरक्षाकर्मीको सुविधा २०८१/०४/०१ गतेदेखि लागु हुने गरी देहाय बमोजिम स्वीकृत गर्ने ।

तपसिल

| क्र.सं. | कार्यालय | पद/तह | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | भगवतीमाई गाउँपालिका | सहायक स्तर | ७००। | |
| २. | | श्रेणी विहिन | ५००। | |
| ३. | प्रभु बैङ्क | सहायक स्तर | ७००। | |
| ४. | | श्रेणी विहिन | ५००। | |
| ५. | बेस्तडा प्रहरी चौकी | सुरक्षाकर्मी | ५००। | |

१०. आ.व. २०८०/०८१ महालेखा परीक्षकको प्रारम्भिक प्रतिवेदन माथि छलफल गरियो र प्रवेदनमा देखिएका बेरुजु समयमा नै असुल, प्रमाण पेश र नियमित गर्न गाउँ कार्यपालिकालाई निर्देशन गर्ने ।

११. यस गाउँपालिका अन्तर्गत वडा नं. २ वेस्तडामा नेपाल खाद्य विक्री तथा खरिद कक्ष स्थापना गर्ने ।

१२. यस गाउँपालिका, सोसेक नेपाल र अपाङ्ग बाल अस्पताल तथा पुर्नस्थापना केन्द्रबीच भएको सम्झौता अनुमोदन गर्ने ।

१३. यस गाउँपालिका अन्तर्गत करार सेवामा कार्यरत श्रेणीविहिन कर्मचारीहरुको मासिक तलव स्केलबाट १० प्रतिशत कट्टी गरी गाउँपालिकाले १० प्रतिशत थप गरी कर्मचारी सञ्चय कोष जम्मा गर्ने व्यवस्था मिलाउने ।

१४. यस भगवतीमाई गाउँपालिका वडा नं. ०२, बेस्तडा निवासी श्री राज कुमारी शाही सिंहका छोरा वर्ष २० का मोहन सिंह घाटी र मुखको क्यान्सरबाट ग्रसित भई टिचिङ्ग अस्पताल काठमाडौंमा उपचाररत रहेको हुँदा निजलाई आर्थिक सहायता कार्यविधि, २०८१ अनुसार रु. ४०,०००।- (अक्षरुपी चालिस हजार मात्र) आर्थिक सहायता प्रदान गर्ने । साथै भगवतीमाई गाउँपालिका वडा नं. ०५ साङखोला टोलमा मिति २०८१।०७।१९ गते परेको चटयाङले ६ जना बालबालिकाहरुलाई चोटपटक लागि गम्भिर रुपमा घाइते भई उपचार गरेका बालबालिकाहरुलाई तपसिल बमोजिम यस कार्यालयबाट प्रदान गरिएको आर्थिक सहायताको रकमलाई अनुमोदन गर्ने ।

तपसिलः

| क्र.सं. | नाम, थर | संरक्षकको नाम, थर | नाता सम्बन्ध | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | संगिता थापा मगर | पदम बहादुर मगर | बुवा | १५,०००।- | |
| २. | विपना थापा मगर | टिकाराम थापा मगर | बुवा | ५,०००।- | |
| ३. | चेतना थापा मगर | केशव बहादुर थापा मगर | बुवा | ५,०००।- | |
| ४. | सम्झना थापा मगर | केशव बहादुर थापा मगर | बुवा | ५,०००।- | |
| ५. | विष्णा थापा मगर | धन बहादुर मगर | बुवा | ५,०००।- | |
| ६. | करिश्मा थापा मगर | कलम बहादुर मगर | बुवा | ५,०००।- | |
| जम्मा रकम रु. | | | | ४०,०००।- | |

१५. स्थानीय कृषि सेवा भेटेरिनरी समूह सातौं तह पशु चिकित्सक पदमा स्थायी नियुक्ति लागि कर्णाली प्रदेश लोक सेवा आयोगबाट मिति २०८१/०९/२१ मा सिफारिस हुन भई मिति २०८१/०९/२१ गते यस कार्यालयमा स्थायी नियुक्ति र पदस्थापन हुनु भएका डा. अञ्जली थापा मगरको नियुक्ति र पदस्थापन समर्थन गर्ने।

१६. यस भगवतीमाई गाउँपालिका, अन्तर्गत निर्माणाधिन चक्रपथ सडक निर्माण आयोजना (ठे.नं. BRM/BCW/NCB/04/2080/081) कार्य सम्पन्न अवधि २०८१/१०/३० गतेसम्म रहेकोमा सो अवधि निर्माण कार्य सम्पन्न नहुने भई निर्माण व्यवसायीको निवेदन बमोजिम प्राविधिक प्रतिवेदन संलग्न गरी गाउँ कार्यपालिकाबाट म्याद थपको लागि पेश भएको सो ठेक्काको निर्माण सम्पन्न अवधि २०८२/०३/१५ सम्म थप गर्ने ।

१७. यस गाउँपालिकाको गत आ.व. २०८०/०८१ को वार्षिक कार्यक्रम अन्तर्गत यस गाउँपालिका र नेपाल रेडक्रस सोसाईटी दैलेखको साझेदारीमा रुम स्वास्थ्य चौकी मर्मत र खानेपानी तथा सरसफाई संरचना निर्माण आयोजना सम्झौतामा तोकिएको अवधि २०८१/११/३० गतेभित्र सम्पन्न भई नेपाल रेडक्रस सोसाईटीबाट रु. ९,१८,०७३.५५ भुक्तानी भएको र यस गाउँपालिकाबाट साझेदारी रकम अपुग हुँदा भुक्तानी दिनुपर्ने रकम रु. ७,००,०००। भुक्तानी बाँकी रहेकोमा २०८१/०३/१३ गतेको अविरल वर्षाको कारण पर्खाल भत्किन गएको र सो कार्यको २०८१/०३/१४ गते वेस्तडा प्रहरी चौकीबाट टोली खटिई मुचुल्का तयार गरेको हुँदा गाउँपालिकाले सो आयोजनाको लागत सहभागिता वापतको रकम भुक्तानी दिने र सो पर्खाल निर्माणको लागि आवश्यक पहल गर्ने ।

१८. यस गाउँपालिका अन्तर्गत निर्माणाधिन २ नं. वडा कार्यालय भवन निर्माण कार्य (ठे.नं. BRM/BCW/NCB/18/2079/080) कार्य सम्पन्न अवधि २०८१/०९/३० सम्म रहेकोमा गाउँ कार्यपालिकाको कार्यालयबाट भएको मिति २०८२/०२/३० सम्म म्याद थप गर्ने निर्णय अनुमोदन गर्ने ।

१९. यस भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, दैलेख र निशान।चन्द जे.भी. नेपालगञ्जबीच मिति २०७८/०२/११ गते भएको ठेक्का सम्झौता बमोजिम मयाराम स्मृति पार्क निर्माण कार्य (ठे.नं. BRM/MSP/NCB/16/2077-078-Part 1 र ठे.नं. BRM/MSP/NCB/16/2077-078-Part 2) को निर्माण सम्पन्न अवधि २०७९/०५/०५ गते सम्म रहेकोमा पटक पटक म्याद थप गरी २०८१।१०।३० कायम गरेको र भगवतीमाई गाउँपालिकाबाट व्यहोर्ने स्रोत लागत सहभागिता जनाई सकिएको र नेपाल सरकारले गर्नुपर्ने लागत सहभागिता वापतको रकम स्रोत सुनिश्चितता नहुँदा निर्माण व्यवसायीले समयमा कार्य सम्पन्न गर्न नसकेको साथै निर्माण व्यवसायीले पटक पटक स्रोत सुनिश्चितता वा ठेक्का अन्त्यको लागि निवेदन दिएको हुँदा बाँकी निर्माण कार्य पुरा गर्न गाउँपालिकासँग स्रोत अभाव रहेको हुँदा ठेक्का सम्झौता अन्त्य गर्ने र स्वीकृतिको लागि गाउँसभाको १६ औं अधिवेशनको बैठकमा पेश गर्ने ।

भिन्न मत

| क्र.सं. | सदस्यको नाम | पद | भिन्न मतको संक्षिप्त व्यहोरा | दस्तखत |
|---|---|---|---|---|